**प्रश्न नं. २६**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ३०५० देखि ३१७१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

प्रेम लाक्पा शेर्पाको जाहेरीले नेपाल सरकार

विरुद्ध

संखुवासभा जिल्ला साविक सापु गा.वि.स. वडा नं. ९ गाउँथला घर भई हाल का.जि.का.म.न.पा. वडा नं. १६

पकनाजोल बस्ने पासाङ शेर्पा

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।०८।०४ गते राति काठमाण्डौं जिलला काठमाण्डौं महानगरपालिका वडा नं. १६ पकनाजोल बस्ने पासाङ शेर्पाले आफ्नै श्रीमती छम्जी शेर्पालाई आगो लगाई जलाई दिएको र आगोले जली सिकिस्त घाईते भएकी छम्जी शेर्पाको हाल वीर अस्पतालमा उपचार भई रहेको भन्ने सूचना प्राप्त भएकोले कानून बमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको प्र.ना.नि. दीपक थापाको प्रतिवेदन ।

२. मिति २०७६।०८।०४ गते अं. २२ बजेको समयमा मेरो आफ्नै डेरा कोठामा मेरो श्रीमान पासाङ्गसँग दिउसो वहिनीहरु सानु शेर्पा, लमी शेर्पा कोठामा आएको कुरालाई विवाद गरी भान्सामा रहेको नवलेको स्टोभबाट मट्टितेल मेरो शरीरमा खन्याई सलाई कोरी शरीरमा आगो लगाई दिई हाँसेर नाच्न थाली पानी पानी भन्दा समेत पानी नदिई नाचेका थिए । मलाई मेरो शरीरमा आगो लगाउने मेरो श्रीमान पासाङ शेर्पा हुन् भन्ने समेत व्यहोराको आगोले जली सख्त घाईते भएकी छम्जी शेर्पाले मौकामा गरेको कागज ।

३. काठमाण्डौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित पूर्वमा कृष्ण डंगोलको पक्की घर, पशिचममा पिपल्स क्याम्पस, उत्तर देवदास श्रेष्ठको पक्की घर, दक्षिणमा गणेशमान श्रेष्ठको पक्की घर, यति चार किल्ला भित्र सानुबाबु मानन्धरको चार तल्ले टिनको छानो भएको कच्चा घरको उत्तर तर्फको कोठाको ढोका दक्षिण मोहडा भई वन्द अवस्थामा रहेको, कोठाको उत्तर तर्फको कुनामा पानी राख्ने प्लाष्टिकको ड्रम रहेको खाटमा विछ्याउन लागेको अवस्थामा रहेको घटनासँग प्रमाण लाग्ने सेतोमा कालो बुट्टा भएको तन्ना थान-१, डढेको सलाईको बट्टा थान-१, जलेको ब्रा थान-१ र जलेको कार्पेटको टुक्राहरु समेत प्रहरी अधिकृत समेतको डोरले बरामद गरी लगेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

४. २०७६।०८।०४ गते रातको २२.३० वजेको समयमा वहिनी आगलागीमा परी घाईते अवस्थामा वीर अस्पतालमा उपचार भईरहेको छ भन्ने थाहा पाई तत्काल गई हेर्दा वहिनीको शरीरको सम्पूर्ण भाग जली वेहोस अवस्थामा उपचार भइरहेको देखि के कसरी आगो लागि घाईते भयौं भनी बुझ्दा निज बहिनीको श्रीमान पासाङ शेर्पाले वहिनी छम्जी शेर्पाको शरीरमा मट्टितेल खन्याई ज्यान मार्ने उद्देश्यले

आगो लगाई सख्त घाईते बनाएका हुन भन्ने एकिन थाहा पाई जाहेरी दिन आएको छु। निज प्रतिवादी पक्राउ गरी कानून बमोजिम गरिपाऊँ भन्ने समेत व्यहोरको फुटी शेर्पाले दिएको जाहेरी दरखास्त ।

५. निज पासाङ शेर्पालाई निजको घर कोठामा गई खोजतलास गर्दा फेला परेकोले निजलाई पक्राउ गरी यसै पत्र साथ दाखिला गरेको छु भन्ने समेत व्यहोराको प्र.ना.नि. दीपक थापाको प्रतिवेदन ।

६. मेरो भतिजी बुहारी छम्जी शेर्पालाई निजको श्रीमान पासाङ शेर्पाले मिति २०७६।०८।०४ गते राति आफ्नै डेरा कोठामा शरीरमा मट्टितेल खन्याई आगो लगाई सख्त घाईते भई निजको उपचार हुँदा हुँदै मिति २०७६।०८।०७ मा मृत्यु भएको हुँदा कानून बमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको प्रेम लाक्पा शेर्पाको जाहेरी दरखास्त ।

७. लाशको घाँटी देखि हात र खुट्टा सम्मको भागमा सेतो व्यान्डेज लगाएको सेतो व्यान्डेज सुरक्षा साथ खोली हेर्दा पेट, देब्रे हातको कुम देखि नाडीसम्मको भाग आगोले जली छाला समेत खुईलिएको र पानी जस्तो पदार्थ निस्केको भन्ने समेत व्यहोराको लाश जाँच प्रकृति मुचुल्का ।

८. म र श्रीमती बीच वारम्वार विवाद भैरहने र वारदातका दिन पनि निजसँग मेरो वादविवाद भै निजलाई हातपात गर्दा पनि विवाद गर्न छाडिनन । निज श्रीमती र म बीच चर्का चर्की भनाभन हुँदै गयो । राती हुँदा पनि श्रीमती हल्ला गर्न छाडिनन् । निज कोठा भित्र हल्ला गरी रहेकोले मैले ३/४ पटक लात्ती र मुक्काले प्रहार गर्दा समेत हो-हल्ला गर्न नछाडेकीले निजसँग पहिल्यै देखि रिस उठी रहेको र आगो लगाई मारी दिएमा सँधैको वादविवाद नै समाप्त हुन्छ भन्ने सोची निजलाई मार्ने मनसायले कोठामा खाना बनाउन राखेको स्टोभको मट्टितेल निजको शरीरमा खन्याई दिएँ, स्टोभ नजिकै रहेको सलाईको वट्टा खोली सलाई कोरी श्रीमतीले लगाएको कुर्ताको तलको भागमा आगो सल्काई दिएपछि निजले लगाएको कपडामा आगो दन्कदै गयो र श्रीमती छटपटाउँदै उफ्रँदै रुँदै ऐया पोल्यो, मेरो शरीरमा छिटो पानी हाल, पानी पानी भन्दै विलौना गरेकी थिईन । मलाई निजसँग रिस उठेको कारण म पनि निज छटपटाए जस्तै उफ्रँदै नाचेको थिए । श्रीमतीले पनि पानी भन्दै मलाई एक्कासी समाउन आईन र निजको शरीरमा बलेको आगोले मेरो दायाँ हातको हत्केला र नाडीमा समेत आगोले पोली म समेत सामान्य घाईते भएको हुँ । श्रीमतीको वीर अस्पतालमा उपचार हुँदाहुँदै मिति २०७६।०८।०७ मा मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी पासाङ शेर्पाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

९. म समेत दिदीलाई हेर्न जाँदा दिदीको शरीर आगोले जली छटपटाउनु भएको थियो । के कसरी आगो लाग्यो भनी सोध्दा मेरो श्रीमानले मट्टितेल खन्याई सलाई कोरी आगो लगाई दियो भनेकी थिई भन्ने समेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएकी लक्ष्मी शेर्पाले गरेको घटना विवरण कागज ।

१०. घाईते छम्जी शेर्पालाई के कसरी आगो लाग्यो भन्दा निज घाईतेले आफ्नो दुवै आँखाबाट आँसु निकाल्दै मलाई लोग्नेले आगो लगाई दियो भनेकी हुन् भन्ने समेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएका आङदोर्जे शेर्पाले गरेको घटना विवरण कागज ।

११. निज घाईतेलाई के कसरी तिम्रो शरीरमा आगो लाग्यो भनी सोध्दा मेरै लोग्नेले शरीरमा मट्टितेल खन्याई सलाई कोरी आगो लगाई दियो भनेकी हुन्, पासाङ शेर्पाले शरीरमा मट्टितेल खन्याई आगो

**प्रश्न नं. २६**

लगाई मरणासन्न अवस्थामा पारी उपचार हुँदाहुँदै मृत्यु भएकोमा विश्वास लाग्छ भन्ने मिनमा शेर्पाले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज ।

१२. 90% superficial burn whole body भन्ने समेत छम्जी शेर्पाको नामको घाउ जाँच केश फाराम मिसिल सामेल रहेको ।

१३. Cause of death - Burn (जलेको कारणबाट मृत्यु भएका) भन्ने व्यहोराको छम्जी शेर्पाको नामको शव परिक्षण प्रतिवेदन मिसिल सामेल रहेको ।

१४. प्रतिवादी पासाङ शेर्पाले आफ्नै श्रीमती छम्जी शेर्पाको शरीरमा मट्टितेल खन्याई आगो लगाई निर्मम तरीकाबाट कर्तब्य गरी मारेको पुष्टि हुन आएको हुँदा प्रतिवादी पासाङ शेर्पा उपर मुलुकी बमोजिम मुलुकी अपराध (संहिता) ऐन, २०७४ को २०७४ को दफा १७७(१) को कसूर गरेकोले ऐ ऐ को दफा १७७(२) बमोजिम सजाय हुन माग दावी लिएको अभियोग पत्र।

१५. प्रतिवादीको अदालत समक्ष बयान ।

१६. जाहेरवाला लगायत घटना विवरण कागज गर्ने व्यक्तिहरुको बकपत्र

१७. काठमाण्डौं जिल्ला अदालतको फैसला ।

१८. उच्च अदालत पाटनमा पेश गरेको पुनरावेदनपत्र ।